International Research Journal of MMC (IRJMMC)
ISSN 2717-4999 (Online) | 2717-4980 (Print)
Volume 7, Issue 3 │ June 2026

# गोरखा नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरूमा विद्यमान पठनबोधशिक्षणको समीक्षा

## (The Review of Teaching Comprehension Practices in Community Secondary Schools of Gorkha Municipality)

**Dr. Badri Kumar Karki**[1]

[1]Associate Professor
Drabya Shah Multiple Campus, Gorkha

**Corresponding Author**
**Dr. Badri Kumar Karki**
Email: badrikarki123@gmail.com

**To Cite this article:** Karki, B. K. (2026). गोरखा नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरूमा विद्यमान पठनबोधशिक्षणको समीक्षा (The review of teaching comprehension practices in community secondary schools of Gorkha municipality). *International Research Journal of MMC, 7*(3), 207–221. https://doi.org/10.3126/irjmmc.v7i3.97189

**Submitted**: 15 May 2026 **Accepted:** 29 May 2026 **Published:** 15 July 2026

## Abstract

This study focuses on a review of practices of teaching reading comprehension in community secondary schools of Gorkha Municipality. Teaching comprehension has been practiced at school to university level. Effective teaching comprehension is considered indispensable for enhancing students' reading comprehension capacities and for strengthening their skills in writing appropriate, original, and precise answers to related questions. When teaching comprehension is sufficiently practiced, students' comprehension capacity enhances fully, enabling them to provide original and accurate responses to text-related questions. Although previous studies have revealed diversity in students' reading comprehension abilities, a micro-level review of teaching reading comprehension in community schools remains absent. The main objective of this study was to address this research gap by reviewing the existing practices of reading comprehension across various domains. A mixed-method approach combining survey and library methods was employed. Out of the 18 community secondary schools in Gorkha Municipality, 6 were selected through cluster sampling. Subsequently, a total of 48 informants were chosen using systematic sampling. A closed, structured questionnaire covering 14 areas including both theoretical and practical aspects of teaching comprehension was used for data collection. The responses obtained were analyzed and interpreted comparatively through frequency counts, tabulation, bar charts, and pie charts. Findings of the study showed that adequate teaching occurs in only three of the 14 areas of teaching comprehension. This clearly highlights the strengths and weaknesses of teaching reading comprehension. It demonstrates that teaching comprehension in community secondary schools of Gorkha Municipality is only partially robust. Insufficient teaching and practice in the majority of teaching comprehension domains appear to hinder the full fostering of students' comprehension capacity. Insights from this study will be beneficial for practical improvements in school-level teaching comprehension, for the academic enhancement of students' comprehension capacities, and for elevating overall educational quality.



©2026 The Author(s).

***Keywords:*** community secondary schools, educational quality, reading comprehension, survey method, teaching comprehension

## लेखसार

प्रस्तुत अध्ययन गोरखा नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरूमा विद्यमान पठनबोधशिक्षणको समीक्षामा केन्द्रित छ । पठनबोधको शिक्षण विद्यालयदेखि विश्वविद्यालय तहसम्म हुन्छ । विद्यार्थीहरूको पठनबोधक्षमता अभिवृद्धि गरी बोधप्रश्नका उपयुक्त, मौलिक र सटिक उत्तर लेखन कला सुदृढ गर्न प्रभावकारी बोधशिक्षण अपरिहार्य मानिन्छ । पर्याप्त मात्रामा बोधशिक्षण भएमा विद्यार्थीहरूको बोधक्षमताको अभिवृद्धि भएर पाठसँग सम्बन्धित प्रश्नहरूका मौलिक र सटिक उत्तर दिन सक्षम हुन्छन् । विगतका अध्ययनहरूले विद्यार्थीहरूको पठनबोध क्षमतामा विविधता देखाए तापनि सामुदायिक विद्यालयहरूमा गरिने पठनबोधशिक्षणको सूक्ष्म समीक्षा भएको पाइँदैन । यही शोधअन्तराललाई सम्बोधनका लागि पठनबोधशिक्षणका विभिन्न क्षेत्रहरूमा विद्यमान शिक्षणको समीक्षा गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । यसका लागि सर्वेक्षण र पुस्तकालीय विधिको मिश्रित प्रयोग गरिएको थियो । समीक्षाका लागि गोरखा नगरपालिकाका १८ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये गुच्छ नमुना छनौट विधिमार्फत ६ वटा विद्यालयहरू छानिएका थिए । तत्पश्चात्, व्यवस्थित नमुना छनौट विधिद्वारा कुल ४८ जना सूचकहरू चयन गरियो । तथ्याङ्क सङ्कलनका लागि पठनबोधशिक्षणको सैद्धान्तिक र प्रायोगिक खण्डका १४ वटा क्षेत्रहरू समेटिएको बन्द संरचित प्रश्नावलीको उपयोग गरिएको थियो । प्राप्त उत्तरहरूको आवृत्ति गणना गरी तालिकीकरण, स्तम्भचित्र र वृत्तचित्रका माध्यमबाट तथ्याङ्कको तुलनात्मक विश्लेषण र अर्थापन गरिएको छ । यस विश्लेषणबाट, बोधशिक्षणका १४ क्षेत्रहरूमध्ये केवल तीनवटा क्षेत्रहरूमा मात्र पर्याप्त शिक्षण हुने गरेको तथ्य फेला परेको छ । यसले पठनबोधशिक्षणका सवल र दुर्वल क्षेत्रहरूलाई स्पष्टरूपमा उजागर गरेको छ । प्राप्त परिणामले गोरखा नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरूमा गरिने बोधशिक्षण आंशिक रूपमा मात्र सबल रहेको देखाएको छ । बोधशिक्षणका अधिकांश क्षेत्रहरूमा पर्याप्त शिक्षण र अभ्यास नहुँदा विद्यार्थीहरूको बोधक्षमताको प्रवर्धनमा अवरोध पुगेको देखिन्छ । यो समीक्षा विद्यालय तहको पठनबोधशिक्षणको अभ्यासमा व्यावहारिक सुधार, विद्यार्थीहरूको बोधात्मक क्षमताको प्राज्ञिक प्रवर्धन र समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न उपयोगी सिद्ध हुनेछ ।

***शब्दकुञ्जी:*** पठनबोध, बोधक्षमता, बोधशिक्षण, शैक्षिक गुणस्तर, सर्वेक्षणविधि, सामुदायिक माध्यमिक विद्यालय

## १. परिचय

कुनै पनि विषयवस्तुलाई राम्ररी बुझ्नु बोध हो । गद्यांश वा सङ्कथनलाई राम्ररी पढेर त्यसभित्र रहेका भाषिक एकाइका तहमा आउने भाव, विचार आदि बुझ्नु पठनबोध हो भनेर चिनाएको पाइन्छ (श्रेष्ठ र अन्य, २०७८ पृ.१०१) । विद्यार्थीहरूलाई पाठ वा सम्भाषणको सारभूत कुरा राम्ररी बुझ्न र बोधप्रश्नले मागेअनुसार सही, उत्कृष्ट, मौलिक र सटिक उत्तर सजिलै दिन सक्ने गरी अभिव्यक्ति क्षमताको विकास गराउने बौद्धिक ज्ञान र प्राविधिक सिप सिकाउनुलाई बोधशिक्षण भनिन्छ (कार्की, २०८० पृ, २३) । बौद्धिक सामर्थ्य र गहिराइ बढाउन र त्यसको परीक्षण गर्नसमेत बोधको प्रयोग गरिन्छ । पाठको मूल कुरासम्म पहुँच पुर्याउने सिप र त्यसलाई पक्रने क्षमताको विकासका लागि बोधशिक्षण आवश्यक पर्छ (शर्मा, २०५२, पृ. १७०) । यसले विद्यार्थीहरूको बोधात्मक क्षमताको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ (पोखरेल र अन्य, २०६४ पृ. २३१) । शिक्षणको मुख्य उद्देश्य पनि विद्यार्थीहरूमा बोधक्षमताको विकास गराउनु भएकाले बोधशिक्षण महत्त्वपूर्ण देखिन्छ ।

भाषिक अभिव्यक्तिको बुझाइ बोध हो । बुझाइपछि मात्र ज्ञान प्राप्त हुने भएकाले यो मानिसका लागि ज्ञानको स्रोत देखिन्छ । ज्ञान प्राप्त गर्न र अभिव्यक्ति क्षमताको विकासका लागि पनि बोध आवश्यक पर्छ भने बोधक्षमता परीक्षणका लागि बोधप्रश्न दिइन्छ (ज्ञवाली र अन्य, २०६६, पृ. १४०) । बोध ज्ञानको आदान र अभिव्यक्ति प्रदान सिपसँग सम्बन्धित भएकाले बोधपछि मात्र अभिव्यक्ति सम्भव देखिन्छ । बोध कमजोर भए अभिव्यक्ति क्षमता नै कमजोर हुन्छ ।

पठनबोधशिक्षणअन्तर्गत नै बोधप्रश्नको उत्कृष्ट उत्तर लेख्ने विधि र प्रक्रियाको शिक्षण गरिन्छ । बोधप्रश्नको छोटो, छरितो, मौलिक र उत्कृष्ट उत्तरको लेखनमा नै विद्यार्थीहरूको सफलता र प्रगति निर्भर गर्छ । यो बोधक्षमताको राम्रो विकासबाट मात्र सम्भव हुन्छ । बोधक्षमताको राम्रो विकासले विद्यार्थीहरूको सफलता र उत्तरोत्तर प्रगतिका लागि निर्णायक र सर्वोपरी भूमिका खेल्दछ । सिकाइको स्थानान्तरणमार्फत अन्य विषयमा बोधक्षमताको अभिवृद्धि गर्न पनि बोधशिक्षणले सघाउने भएकाले यो ज्ञानका सबै विषयसँग पनि सम्बन्धित देखिन्छ । हरेक विषयमा उत्कृष्ट र सटिक उत्तर दिन पनि राम्रो बोधक्षमता आवश्यक पर्ने भएकाले नै बोधशिक्षण आधुनिक शिक्षाको मेरुदण्ड पनि हो । त्यसैले विद्यालय शिक्षाका तल्ला तहदेखि विश्वविद्यालय तहसम्म नै पठनबोध वा बोध भनेर कुनै न स्वरूपमा यसको शिक्षण हुने गरेको पाइन्छ ।

बोध र त्यसको शिक्षण सम्बन्धमा शर्मा (२०५२), पोखरेल र अन्य (२०६४), सुवेदी र अन्य (२०७२), गौतम र अन्य (२०७५), दाहाल (२०७८), श्रेष्ठ र अन्य (२०७८) मा पर्याप्त उल्लेख पाइन्छ । बोधको प्रायोगिक तहमा गौतम (२०६०), ज्ञवाली (२०६३), के . सी (२०६४), गिरी (२०६५), ढकाल (२०६६), थापा (२०६६), दाहाल (२०६७), सत्याल (२०६८) र घर्ती (२०६९) आदिले स्नातकोत्तर तहको शोधमा सर्वेक्षण विधिमा आधारित भएर विभिन्न जिल्लाका विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गरेका छन् । गोरखा जिल्लामा भने पन्त (२०६७), बस्नेत (२०७१) र लामिछाने (२०७५) ले पनि सर्वेक्षणविधिकै आधारमा विभिन्न विद्यालय र कक्षामा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गरेकी छिन् ।

प्रस्तुत अध्ययनहरूमध्ये सैद्धान्तिक तहको चर्चामा बोध र त्यसको शिक्षणविधिको ढाँचाको उल्लेख र प्रायोगिक तहमा पठनबोध क्षमताको अध्ययन भए पनि नेपालका अन्यत्रलगायत गोरखा नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयमा विद्यमान बोधशिक्षणका सैद्धान्तिक र प्रायोगिक खण्डको विभिन्न क्षेत्रहरूमा गरिने शिक्षणको समीक्षा गरिएको पाइँदैन । तसर्थ यसै शोधअन्तरालको सम्बोधनका लागि बोधशिक्षणको विश्लेषणात्मक अध्ययन गरी समीक्षा गर्नु आवश्यक छ ।

गोरखामा कक्षा दसको शिक्षण २०१६ सालबाट हुन थालेको पाइन्छ (श्रेष्ठ, २०३४ पृ. १०८) । अहिले यस जिल्लामा सामुदायिक र संस्थागत गरी १३४ वटा र गोरखा नगरपालिका भित्र १८ वटा सामुदायिक र ८ वटा संस्थागत विद्यालयहरूमा कक्षा १० को पठनपाठन हुने गरेको छ (शिक्षा विकास तथा समन्वय इकाई, गोरखा) । यसरी गोरखा जिल्लामा विद्यालय शिक्षा सञ्चालन भएको लामो समय भए पनि यहाँका सामुदायिक विद्यालयहरूको बोधशिक्षणका विभिन्न क्षेत्रहरूमा शिक्षणको मात्रामा आधारमा वर्तमान अवस्थाको समीक्षा नभएकाले बोधशिक्षणको विद्यमान अवस्थाको समीक्षा गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ । यसबाट गोरखा नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरूमा गरिने बोधशिक्षणको सैद्धान्तिक र प्रायोगिक खण्डको विभिन्न क्षेत्रहरूमा गरिने शिक्षणको सवल र दुर्वल क्षेत्रहरू पहिचान हुने छन् ।

क्षेत्रीय सर्वेक्षणमा आधारित भएर गरिने प्रस्तुत समीक्षाले गोरखा नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरूमा विद्यमान पठनबोधशिक्षणको सवल र दुर्वल क्षेत्रहरू देखाउनेछ भने यसले क्षेत्रीय सर्वेक्षणमा आधारित भएर अन्य विषय र शीर्षकमा समीक्षा गर्न मार्गदर्शन गर्नेछ । साथै यसले गोरखा जिल्लाको विद्यमान बोधशिक्षणमा कमजोर देखिएका क्षेत्रहरूमा सुधार गरी शैक्षिक गुणस्तर वृद्धिमा सहयोग पुर्याउनेछ । यस

लेखको संरचनामा पूर्वकार्यको समीक्षा, सैद्धान्तिक आधार, सामग्री सङ्कलन विधि, सामग्री विश्लेषण विधि, बोधशिक्षणको विश्लेषण र नतिजा, छलफल र निष्कर्ष रहेका छन् ।

## २. पूर्वकार्यको समीक्षा

बोध र त्यसको शिक्षण सम्बन्धमा शर्मा (२०५२) एउटा महत्त्वपूर्ण पूर्वकार्यका रूपमा देखिन्छ । यसमा बोधको परिचय र प्रयोजन, बोधप्रश्नको उत्तर प्राप्ति विधि र प्रक्रियाका साथै उत्तरसहित नमुनाको उल्लेख पाइन्छ । त्यस्तै पौडेल (२०५५) मा पठनबोधको अभ्यासअन्तर्गत बोधको परिचय र प्रकार, बोधसम्बन्धी अभ्यास दिइएको छ । गैरे (२०६१) मा भने पठनबोधअन्तर्गत बोधको परिचय र प्रयोजन, बोधका प्रकार, बोधसम्बन्धी प्रश्नको उत्तर लेख्दा ध्यान दिनुपर्ने कुराहरू र बोधसम्बन्धी नमुनाको उल्लेख छ ।

बोधशिक्षणका सम्बन्धमा पोखरेल र अन्य (२०६४) अर्को महत्त्वपूर्ण पूर्वकार्यका रूपमा देखिन्छ । यसमा बोधको परिचय, बोधको प्रक्रिया, बोधको उत्तरसहित केही नमुना दिएको पाइन्छ । त्यसैगरी पराजुली र अन्य (२०६५) मा पठनबोधअन्तर्गत बोधको परिचय, प्रयोजन, बोधप्रश्नको उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू र बोधपश्नको उत्तरसहित नमुना दिइएको छ । बराल र एटम (२०६५) मा पनि बोधको परिचय, बोधप्रश्नका प्रकार, बोधप्रश्नको उत्तर दिने तरिका र बोधको उत्तरसहित नमुनाहरूको उल्लेख छ । ज्ञवाली र अन्य (२०६६) मा बोधको परिचय, बोधका प्रकार, बोधप्रश्नको उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू, सामान्य र प्रयोजनपरक बोधको उत्तरसहित नमुना पाइन्छ । लम्साल र अन्य (२०६६) मा बोधको परिचय र प्रकारका साथै केही नमुना पाइन्छ । भट्टराई र अन्य (२०६८) मा बोधको परिचय र प्रकार, सामान्य र प्रयोजनपरक बोधमा भिन्नता, बोधप्रश्नका ढाँचा, बोधप्रश्नको उत्तर दिँदा ध्यान दिनुपर्ने कुरा र बोधको लागि नमुना पाइन्छ । घिमिरे (२०६९) मा पठनबोधअन्तर्गत बोधको परिचय, बोधका प्रकार, बोधप्रश्नका किसिम र विषयगत क्षेत्रअनुसार बोधप्रश्नको उत्तरसहित नमुना दिएको देखिन्छ । पुडासैनी र अन्य (२०७०) मा पठनबोध शीर्षकअन्तर्गत बोधको परिचय, बोधप्रश्नका प्रकार, बोधप्रश्नको उत्तर दिने तरिका, बोधसम्बन्धी नमुनाको उल्लेख छ । खनिया र अन्य (२०७२) मा पठनबोधअन्तर्गत पठनबोधको परिचय र प्रकार, बोधप्रश्नको उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू र पठनबोधको नमुनाहरूको चर्चा पाइन्छ । ढकाल र अन्य (२०७२) मा बोधको परिचय, बोधका लागि सोधिने प्रश्नहरू, बोधप्रश्नको उत्तर दिँदा ध्यान दिनुपर्ने कुराहरू र बोधको नमुनाको उल्लेख छ । त्यसैगरी सुवेदी र अन्य (२०७२) मा पठनबोध, बोध, बोधप्रश्नको स्वरूप, बोधप्रश्नको उत्तर लेख्ने विधि र प्रक्रियाको चर्चा पाइन्छ ।

बोधशिक्षणसम्बन्धी अर्को महत्त्वपूर्ण पूर्वकार्यमा गौतम र अन्य (२०७५) पनि देखिन्छ । यसमा बोधशिक्षण निर्देश, वस्तुगत बोधप्रश्नको स्वरूप र बहुवैकल्पिक प्रश्नको चर्चा पाइन्छ । त्यसैगरी दाहाल (२०७८) मा भने पठनबोधअन्तर्गत बोधको परिचय, बोधको आवश्यकता र महत्त्व, बोध गर्ने तरिका, बहुवैकल्पिक प्रश्नको उत्तर ठम्याउने तरिका र उत्तरसहित अभ्यासको उल्लेख छ । श्रेष्ठ र अन्य (२०७८) मा पनि पठनबोध शीर्षकअन्तर्गत सामान्य पठनबोधको अवधारणा, पठनबोधको प्रक्रिया र तरिका, उत्तरसहित नमुना, विशिष्ट पठनबोध, विशिष्ट पठनबोधको तरिका र उत्तरसहितको नमुनाको उल्लेख पाइन्छ । त्यस्तै भण्डारी र दाहाल (२०७२) मा बोधको परिचय, बोधको आवश्यकता र महत्त्व, बोध गर्ने तरिका र अभ्यासको उल्लेख पाइन्छ । भुषाल र अन्य (२०८०) मा पठनबोधअन्तर्गत बोधको परिचय, सामान्य पठनबोध, प्रयोजनपरक वा विशिष्ट पठनबोधको उल्लेख पाइन्छ ।

उपर्युक्त चर्चाबाट बोध र त्यसको शिक्षण सम्बन्धमा प्रशस्त कार्यहरू भएको देखिन्छ । यी कार्यमा मूलतः पठनबोधमा नै केन्द्रित भएर बोधको परिचय, आवश्यकता, महत्त्व, बोधका प्रकार, बोधप्रश्नका प्रकार, बोधशिक्षण गर्दा शिक्षकले अपनाउनु पर्ने विधि, प्रक्रिया र बोधप्रश्नको उत्तर लेख्दा विद्यार्थीहरूले अपनाउनुपर्ने विधिको मात्र उल्लेख पाइन्छ । यी अध्ययनहरूले मुख्यतः पठनबोधको मात्र शिक्षण हुने गरेकाले पठनबोधलाई नै बोधको

पर्यायवाचीका रूपमा राखेर चर्चा गरेको देखिन्छ । यस समीक्षामा पनि पठनबोधलाई कतिपय स्थानमा बोध भनेर चर्चा गरिएको छ ।

पठनबोधको प्रायोगिक तहमा भने स्नातकोत्तर तहको शोधमा सर्वेक्षणविधिमा आधारित भएर विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन भएका छन् । यस क्रममा गौतम (२०६०) ले कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमा नेपाली मातृभाषीभन्दा दोस्रो भाषी, तराईबासीभन्दा पहाडिया, सहरियाभन्दा ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखाएको छ । त्यस्तै ज्ञवाली (२०६३) ले कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूमा नेपाली मातृभाषीभन्दा दोस्रो भाषी नेपाली हुने विद्यार्थीहरूको पठनबोध क्षमता अधिक, सार्वजनिक विद्यालयतर्फका विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता कमजोर र जातिगत हिसाबमा नेवार, बाहुन, क्षेत्री र मगरको पठनबोध क्षमता घट्दै गएको देखाएको छ । के.सी (२०६४) ले लमजुङ जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूमा ग्रामीणभन्दा सहरतर्फका, नेपाली दोस्रो भाषीभन्दा पहिलो भाषी र सार्वजनिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको देखाएको छ ।

पठनबोध क्षमताको अध्ययनमा गिरी (२०६५) ले कक्षा छमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमता सन्तोषजनक रहेको देखाएको छ भने ढकाल (२०६६) ले कक्षा तीनमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमता सन्तोषजनक रहेको देखाएको छ । थापा (२०६६) ले म्याग्दी जिल्लाका कक्षा पाँच पुरा गरेका विद्यार्थीहरूमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता समान र लैङ्गिकताका आधारमा सन्तोषजनक देखाएको छ । त्यस्तै दाहाल २०६७) ले झापा जिल्लाका कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूमा भने ग्रामीण र नगरपालिका क्षेत्रका विद्यार्थीको पठनबोध क्षमतामा खासै अन्तर नरहेको, पहिलो भाषा नेपाली र दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरूको पठनबोध क्षमतामा सामान्य अन्तर रहेको देखाएको छ । पन्त (२०६७) ले लैङ्गिका आधारमा पनि गोरखा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक देखाएको छ ।

यही क्रममा सत्याल (२०६८) ले कक्षा पाँच पुरा गरेका विद्यार्थीहरूमा ग्रामीण क्षेत्रभन्दा नगरको उच्च, समग्रमा दृष्टांश पठनबोध क्षमता उच्च र समग्रमा सन्तोषजनक रहेको देखाएको छ । घर्ती (२०६९) ले गुल्मी जिल्लाका कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूमा ग्रमीण क्षेत्रका विद्यार्थीको पठनबोध क्षमता सन्तोषजनक रहेको देखाएको छ । त्यस्तै सुवेदी (२०६९) ले स्याङ्जा जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूमा ग्रामीण क्षेत्रको तुलनामा सहरको विद्यार्थीको उच्च, छात्रको तुलनामा छात्राहरू कमजोर र निजीभन्दा सरकारी विद्यालयका विद्यार्थीको पठनबोध क्षमता कमजोर रहेको देखाएको छ । त्यस्तै बस्नेत (२०७१) ले विद्यालयको प्रकृतिका आधारमा गरिएको गोरखा जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता उच्च देखाएको छ भने लामिछाने (२०७५) ले गोरखा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता मध्यम रहेको देखाएको छ ।

विभिन्न जिल्लाका विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृति, भाषिकता, लैङ्गिकता, जातीयता, स्थानीयता र क्षेत्रीयताका आधारमा गरिएको पठनबोध क्षमताको अध्ययनहरूले विद्यार्थीहरूको पठनबोध क्षमता उच्च, मध्यम, सन्तोषजनक, निम्न र घट्दो देखाएको पाइन्छ । यसरी यी अध्ययनहरूले विद्यार्थीहरूको पठनबोध क्षमतामा विविधता देखाउँदा पनि बोधशिक्षणको सूक्ष्म समीक्षा भएको भने देखिएन ।

यी माथिका अध्ययनहरूमध्ये सैद्धान्तिक तहको चर्चामा बोध र बोधशिक्षणको ढाँचाको उल्लेख पाइन्छ भने प्रायोगिक तहमा गोरखालगायत विभिन्न जिल्लाका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन भए पनि गोरखा नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरूमा गरिने बोधशिक्षणको सैद्धान्तिक र प्रायोगिक खण्डका विभिन्न क्षेत्रहरूमा शिक्षणको मात्रामा आधारमा समीक्षा गरिएको पाइँदैन । तसर्थ यसै शोधअन्तरालको

सम्बोधनका लागि गरिएको यो समीक्षा नै बोधशिक्षणको सम्बन्धमा सम्बन्धित क्षेत्रमा गएर गरिएको पहिलो समीक्षा हो । यस समीक्षाले गोरखा नगरपालिका भित्रका सामुदायिक विद्यालयमा बोधशिक्षणको सैद्धान्तिक र प्रायोगिक खण्डको विभिन्न क्षेत्रमा गरिने शिक्षणको मात्राका आधारमा सवल र दुर्वल क्षेत्रहरू पहिचान गराउँनेछ ।

### २.१ सैद्धान्तिक आधार

पठनबोधशिक्षणसम्बन्धी प्रस्तुत समीक्षाका लागि बोधसिद्धान्त नै सैद्धान्तिक आधारका रूपमा रहेको छ । त्यसैले पठनबोध र त्यसको शिक्षण सम्बन्धमा सैद्धान्तिक आधारमा मूलतः शर्मा (२०५२), पोखरेल र अन्य (२०६४), गौतम र अन्य (२०७५), दाहाल (२०७८), श्रेष्ठ र अन्य (२०७८) आदिलाई लिइएको छ । यिनै पुस्तकहरूमा दिइएको पठनबोध र त्यसको शिक्षणविधिका आधारमा पठनबोधको सैद्धान्तिक र प्रायोगिक खण्डमा शिक्षण गर्नुपर्ने ९, ९ क्षेत्रहरू पहिचान गरियो । तीमध्ये ७, ७ क्षेत्रलाई समेट्ने गरी बन्द, संरचित ढाँचाको चौधवटा प्रश्नहरू रहेको एउटा प्रश्नावली तयार पारिएको थियो । यिनै क्षेत्रमा गरिने शिक्षणको मात्राका आधारमा गोरखा नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयमा गरिने बोधशिक्षणको विद्यमान अवस्थाको समीक्षा गरिएको छ ।

## ३. सामग्री सङ्कलन विधि

प्रस्तुत समीक्षामा मूलतः प्राथमिक स्रोतका सामग्रीको प्रयोग गरिएको छ भने द्वितीय स्रोतका सामग्रीहरू पनि उपयोग गरिएको छ । प्राथमिक स्रोतका सामग्रीमा सूचकहरूबाट प्राप्त तथ्यहरू रहेका छन् भने द्वितीय स्रोतका सामग्रीमा बोध र बोधशिक्षणको सिद्धान्तसम्बन्धी तथ्यहरू रहेका छन् । द्वितीय स्रोतका सामग्रीहरू परिचयमा उपयोग गरिएको छ । प्राथमिक स्रोतका तथ्यहरू बोधशिक्षणको विश्लेषणमा उपयोग गरिएको छ । प्राथमिक स्रोतका तथ्यहरू प्राप्त गर्न सर्वेक्षणविधिको प्रयोग गरिएको थियो । यसका लागि सर्वप्रथम बोधशिक्षणको सिद्धान्तका आधारमा बोधशिक्षणको सैद्धान्तिक र व्यावहारिक खण्डका सात सात क्षेत्रहरूलाई समेट्ने गरी बन्द, संरचित ढाँचाका चौधवटा प्रश्नहरू र तिनका हुँदैन, थोरै हुन्छ र धेरै हुन्छ गरी तीनवटा वैकल्पिक उत्तरसहितको एउटा प्रश्नावली बनाइएको थियो । सो प्रश्नावली लिएर गुच्छ नमुना छनौट विधिबाट २०७९ सालको SEE को नतिजा, २०८० सालको कक्षा दसको विद्यार्थी सङ्ख्या र भूगोलका आधारमा गोरखा नगरपालिका भित्रका छनौटमा परेका श्री शक्ति मावि, पाटेचौर, श्री माहालक्ष्मी मावि, लक्ष्मीबजार, श्री माहालक्षी मावि, ताप्ले, श्री नवज्योति मावि, दण्डीडाँडा, श्री बालमन्दिर मावि, छहरे र श्री तारा मावि, छेवेटार गरी ६ वटा स्कुलहरूमा मिति २०८०|०९|०३ देखि २०८०|०९|२२ बिचमा आफैँ उपस्थित भएर उक्त विद्यालयका कक्षा दसमा अध्ययनरत ६१३ जना विद्यार्थीहरूमध्येबाट व्यवस्थित नमुना छनौट विधिका आधारमा सुरुको बिजोर क्रम सङ्ख्याबाट क्रमशः बिजोर बिजोर क्रम सङ्ख्या भएका आठ आठजना गरी जम्मा अठचालिसजना सूचकहरू छनौट गरिएको थियो । त्यसरी छनौट गरिएका सूचकहरूमा चौबिसजना छात्र र चौबिसजना छात्रा रहेका थिए । उनीहरूलाई उक्त प्रश्नावलीमा रहेका चौधवटा प्रश्नहरूमध्ये हरेक प्रश्न एक एक गरी बुझाउँदै हरेक प्रश्नका तीनवटा वैकल्पिक उत्तरमध्येबाट सही उत्तरमा चिनो लगाउन लगाइएको थियो । त्यसरी अठचालिसजना सूचकहरूबाट चिनो लगाइएका अठचालिसवटा प्रश्नावलीमा रहेका दुई खण्डका जम्मा ६७२ वटा उत्तरहरूलाई विश्लेषणका लागि तथ्यका रूपमा उपयोग गरिएको थियो ।

### ३.१ सामग्री विश्लेषण विधि

सर्वप्रथम बोधशिक्षणको दुई खण्डमा अठचालिसजना सूचकहरूले भरेका अठचालिसवटा प्रश्नावलीबाट प्राप्त ६७२ उत्तरहरूलाई प्रशोधन गरियो । प्रशोधित उत्तरहरूको आवृति गणना गरियो । त्यसरी गणना गरिएको

तथ्यहरूलाई दुई खण्डमा नै तालिकीकरण गरेर तिनको व्याख्या गरियो । यस क्रममा हरेक प्रश्नका ४८ वटा उत्तरहरूमध्ये धेरै हुन्छको आवृत्ति २४—३१ भए ठिकै, ३२—३९ भए आवश्यक मात्रामा र ४० भन्दा माथि भए पर्याप्त मात्रामा हुने भनेर अर्थापन गरियो । थोरै हुन्छको आवृत्ति सबैभन्दा धेरै देखिए आवश्यक मात्रामा शिक्षण नहुने र हुँदैनको आवृत्ति सबैभन्दा धेरै देखिए शिक्षण नहुने भनेर अर्थापन गरियो । उक्त दुई खण्डका समग्र तथ्याङ्कलाई स्तम्भचित्रमा प्रस्तुत गरी पुनः तुलनात्मक व्याख्या गर्दै अर्थापन गरियो । अन्तमा समग्र तथ्याङ्कलाई पनि वृतचित्रमा देखाएर अर्थापन गरी निष्कर्षमा पुगिएको छ । तसर्थ यो समीक्षा वर्णनात्मक ढाँचामा गरिएको छ ।

## ४. बोधशिक्षणको विश्लेषण र नतिजा

बोधशिक्षणको पनि सैद्धान्तिक र प्रायोगिक गरी दुई खण्ड देखिन्छन् । गोरखा नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरूमा हुने पठनबोधशिक्षणको विद्यमान अवस्थाको विश्लेषण पनि सैद्धान्तिक र प्रायोगिक गरी दुई खण्डमा यस प्रकार गरिएको छ :

### ४.१ सैद्धान्तिक खण्डको विश्लेषण

गोरखा नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरूको विद्यमान बोधशिक्षणको सैद्धान्तिक खण्डको अवस्था अध्ययन र मूल्याङ्कनका लागि १. बोधका बारेमा बुझाउने, २. बोधप्रश्नका प्रकार बुझाउने, ३. बोधप्रश्नको ढाँचा र माग (प्रकृति) बुझाउने, ४. प्रश्नको उत्तर खोज्ने र चिनो लगाउन सिकाउने, ५. उत्तरमा पाठको वाक्य हुबहु सार्न नहुने भनेर सिकाउने, ६. उत्तर पाठको शब्दसहित आफ्नै भाषामा लेख्न सिकाउने र ७. प्रश्नकै ढाँचामा उत्तर लेख्न सिकाउने गरी यी सातवटा क्षेत्रसँग सम्बन्धित सातवटा प्रश्नहरू क्रमशः राखिएको थियो । ती सातवटा प्रश्नका उत्तरमा पनि थोरै हुन्छ, धेरै हुन्छ र हुँदैन भनी तीन तीनवटा विकल्प राखिएका थिए । छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयका ४८ जना सूचकरूले सही उत्तरमा ठिक चिन्ह लगाउँदा हरेक प्रश्नका उत्तरमा उनीहरूले जनाएको धारणाको आवृत्ति गणना गर्दा नतिजा यसप्रकार देखियो :

**तालिका १:** सैद्धान्तिक खण्डको बोध प्रश्नको उत्तर

| क्रं· सं | प्र· नं | थोरै हुन्छ | धेरै हुन्छ | हुँदैन | जम्मा उत्तर |
|---|---|---|---|---|---|
| १ | १ | १६ | १० | २२ | ४८ |
| २ | २ | १८ | १७ | १३ | ४८ |
| ३ | ३ | २५ | २२ | १ | ४८ |
| ४ | ४ | ४ | ४३ | १ | ४८ |
| ५ | ५ | ७ | ४० | १ | ४८ |
| ६ | ६ | १० | ३० | ८ | ४८ |
| ७ | ७ | १ | ४७ | ० | ४८ |
| **जम्मा** | | **८१** | **२०९** | **४६** | **३३६** |

तालिका १ ले प्रश्न नं.१ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति हुँदैन (२२) को देखायो । यसले बोधलाई बुझाउने काम भएको देखाएन । प्रश्न नं. २ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति थोरै हुन्छ (१८) को देखायो । यसले बोधप्रश्नको किसिमलाई बुझाउने काम आवश्यक मात्रामा भएको देखाएन । प्रश्न नं. ३ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति थोरै हुन्छ (२५) को देखायो । यसले बोधप्रश्नको प्रकृति बुझाउने काम आवश्यक मात्रामा नहुने देखायो । प्रश्न नं. ४ को

उत्तरमा सबैभन्दा धेरै आवृत्ति धेरै हुन्छ (४३) को देखायो । यसले पाठ राम्रोसँग पढेर बोधप्रश्नको उत्तर खोज्न र चिनो लगाउन सिकाउने काम भने पर्याप्त मात्रामा हुने गरेको देखायो । प्रश्न नं. ५ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति धेरै हुन्छ (४०) को देखायो । यसले बोधप्रश्नको उत्तरमा पाठको वाक्य हुबहु सार्न हुँदैन भनेर शिक्षकले बुझाउने काम भने पर्याप्त मात्रामा हुने गरेको देखायो । प्रश्न नं. ६ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति धेरै हुन्छ (३०) को देखायो । यसले बोधप्रश्नको उत्तर पाठमा चिनो लगाइएको स्थानबाट शब्दसहित आफ्नै भाषामा छोटो लेख्नु पर्छ भनेर शिक्षकले भन्ने काम ठिकै मात्रामा गर्ने गरेको देखायो । प्रश्न नं. ७ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति धेरै हुन्छ (४७) को देखायो । यसले बोधप्रश्नको उत्तर प्रश्नकै ढाँचा (लिङ्ग, आदर, काल र पक्ष) मा लेख्नुपर्छ भनेर शिक्षकले सिकाउने काम पर्याप्त मात्रामा हुने गरेको देखायो ।

### ४.२ प्रायोगिक खण्डको विश्लेषण

प्रायोगिक खण्ड सैद्धान्तिक खण्डबाट निर्देशित हुने खण्ड हो । यो खण्ड शिक्षकले सिकाएको बोधप्रश्नको उत्तर लेवन सिपलाई विद्यार्थीहरूले अभ्यासमा कति मात्रामा ल्याएका छन् भनेर देखाउने खण्ड पनि हो । यो खण्डले नै बोधशिक्षणलाई मूर्तता दिने भएकाले यो सर्वाधिक महत्त्वपूर्ण खण्ड देखिन्छ । यो खण्ड विद्यार्थी र शिक्षक दुबैसँग सम्बन्धित भए पनि मूलतः विद्यार्थीसँग सम्बन्धित खण्ड देखिन्छ । तसर्थ यस खण्डको सफल अभ्यासमा नै बोधशिक्षणमा सुधार र विद्यार्थीहरूको सफलता निर्भर गर्दछ । तसर्थ बोधशिक्षणको अभ्यास अध्ययन र मूल्याङ्कनका निम्ति यस खण्डमा पनि थोरै हुन्छ, धेरै हुन्छ र हुँदैन भन्ने तीनवटा वैकल्पिक उत्तरसहित १. बोधको अभ्यास गराउने, २. बोधप्रश्नको उत्तर पाठ पढेर पाठमा चिनो लगाउने, ३. उत्तरमा पाठको वाक्य हुबहु नसार्ने, ४. प्रश्नले मागेअनुसार पाठमा चिनो लगाइएको स्थानबाट पाठको शब्दसहित प्रश्नले मागेजति आफ्नै भाषामा छोटो लेख्ने, ५. उत्तरलाई प्रश्नकै ढाँचाअनुसार मिलाउले, ६. शिक्षकले बोधप्रश्नको उत्तर जाँच्ने र ७. उत्तर जाँचिसकेपछि नमिलेका उत्तर मिलाइदिने वा भन्दिने गरी यी सात क्षेत्रहरूलाई समेट्ने गरी सातवटा प्रश्नहरू क्रमशः राखिएका थिए । उक्त प्रश्नावली छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयका ४८ जना सूचकरूले सही उत्तरमा ठिक चिन्ह लगाउँदा हरेक प्रश्नका उत्तरहरूमा उनीहरूले जनाएको धारणाको आवृत्ति गणना गर्दा नतिजा यसप्रकार देखियो :

**तालिका २:** प्रायोगिक खण्डको विश्लेषण

| क्रं· सं. | प्र· नं. | थोरै हुन्छ | धेरै हुन्छ | हुँदैन | जम्मा उत्तर |
|---|---|---|---|---|---|
| १ | १ | २० | २८ | ० | ४८ |
| २ | २ | १० | ३८ | ० | ४८ |
| ३ | ३ | ४४ | ४ | ० | ४८ |
| ४ | ४ | ३१ | १६ | १ | ४८ |
| ५ | ५ | १३ | ३४ | १ | ४८ |
| ६ | ६ | २१ | २७ | ० | ४८ |
| ७ | ७ | १० | ३८ | ० | ४८ |
| **जम्मा** | | **१४९** | **१८५** | **२** | **३३६** |


तालिका २ ले प्रश्न नं. १ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति धेरै हुन्छ (२८) को देखायो । यसले शिक्षकले बोधको अभ्यास गराउने काम ठिकै मात्रामा गर्ने गरेको देखायो । प्रश्न नं. २ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति धेरै हुन्छ (३८) देखायो । यसले विद्यार्थीहरूले बोधका लागि दिइएको पाठ राम्रोसँग पढ्ने र प्रश्नको उत्तर पाठमै खोजेर

चिनो लगाउने काम आवश्यक मात्रामा गर्ने गरेको देखायो । प्रश्न नं. ३ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति थोरै हुन्छ (४४) को देखायो । यसले विद्यार्थीहरूले बोधप्रश्नको उत्तर लेख्दा पाठको वाक्य हुबहु सार्ने काम पर्याप्त मात्रामा गर्ने गरेको देखायो । प्रश्न नं. ४ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति थोरै हुन्छ (३१) को देखायो । यसले विद्यार्थीहरूले बोधप्रश्नको उत्तर पाठमा चिनो लगाइएको स्थानबाट शब्दसहित प्रश्नले मागेको र मागेजति आफ्नै भाषामा छोटो लेख्ने काम आवश्यक मात्रामा नगर्ने गरेको देखायो । प्रश्न नं. ५ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति धेरै हुन्छ (३४) को देखायो । यसले विद्यार्थीहरूबाट लेखिएको उत्तर प्रश्नकै ढाँचाअनुसार मिलाउने काम आवश्यक मात्रामा गर्ने गरेको देखायो । प्रश्न नं. ६ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति धेरै हुन्छ (२७) को देखायो । यसले शिक्षकले बोधप्रश्नको विद्यार्थीहरूबाट लेखिएको उत्तरलाई जाँच्ने काम ठिकै मात्रामा गर्ने गरेको देखायो । प्रश्न नं. ७ को उत्तरमा सबैभन्दा धेरै आवृत्ति धेरै हुन्छ (३८) को देखायो । यसले शिक्षकले बोधप्रश्नको उत्तर जाँचिसकेपछि नमिलेका उत्तर मिलाइदिने वा सही उत्तर भन्ने काम आवश्यक मात्रामा गर्ने गरेको देखायो ।

### ४.३ सैद्धान्तिक र प्रायोगिक खण्डको तुलना

सैद्धान्तिक खण्डको विश्लेषण तालिका १ ले थोरै हुन्छको आवृत्ति ८१, धेरै हुन्छको २०९ र हुँदैनको ४६ देखायो । त्यस्तै प्रायोगिक खण्डको विश्लेषण तालिका २ ले थोरै हुन्छको आवृत्ति १४९, धेरै हुन्छको आवृत्ति १८५ र हुँदैनको आवृत्ति २ देखायो । यी दुई खण्डमा आएका उत्तरको जम्मा आवृत्तिको तुलना स्तम्भचित्रमा यसप्रकार देखियो :

**स्तम्भचित्र १:** *सैद्धान्तिक र प्रायोगिक खण्डको तुलना*





स्तम्भचित्र १ ले बोधशिक्षणका क्षेत्रहरूमा गरिने शिक्षणमा थोरै हुनेमा सैद्धान्तिकभन्दा प्रायोगिक खण्ड अगाडि देखायो । त्यस्तै धेरै शिक्षण हुनेमा भने प्रायोगिकभन्दा सैद्धान्तिक खण्ड राम्रो देखायो र शिक्षण नहुनेमा प्रायोगिकभन्दा सैद्धान्तिक खण्ड अगाडि देखायो । यस तथ्याङ्कले आवश्यक मात्रामा शिक्षण नहुने क्षेत्रहरू प्रायोगिक खण्डमा धेरै देखायो भने आवश्यक मात्रामा शिक्षण हुने क्षेत्रहरू सैद्धान्तिक र प्रायोगिक दुबै खण्डमा भए पनि धेरै शिक्षण सैद्धान्तिक खण्डका क्षेत्रहरूमा हुने देखायो । त्यस्तै बोधशिक्षण नहुने क्षेत्र सैद्धान्तिक खण्डमा रहेको देखायो ।

### ४.४ बोधशिक्षणको समग्र विश्लेषण

बोधशिक्षणको समग्र विश्लेषणका लागि सैद्धान्तिक र प्रायोगिक खण्डमा सात सात प्रश्न र तिनका थोरै हुन्छ, धेरै हुन्छ र हुँदैन भन्ने तीन तीनवटा वैकल्पिक उत्तरसहित राखेर छनौटमा परेका गोरखा नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयका छनौटमा परेका ४८ जना सूचकहरूबाट प्राप्त उत्तरहरूको जम्मा योग ६७२ रहेको थियो । ती उत्तरहरूको आवृत्ति, तालिका १ र तालिका २ का आधारमा थोरै हुन्छको जम्मा सङ्ख्या २३०, धेरै हुन्छको जम्मा सङ्ख्या ३९४ र हुँदैनको जम्मा सङ्ख्या ४८ रहेको देखियो । उक्त तथ्याङ्क वृत्तचित्रमा यसप्रकार देखिन्छ :

**वृत्तचित्र १:** *सैद्धान्तिक र प्रायोगिक खण्डको जम्मा उत्तर*




वृत्तचित्र १ ले हुँदैन भन्ने उत्तर सबैभन्दा थोरै ७% देखायो भने थोरै हुन्छ भन्ने ३४% देखायो । त्यस्तै धेरै हुन्छ भन्ने उत्तर ५९% देखायो । यस तथ्याङ्कले बोधशिक्षण राम्रो हुने ५९% देखाए पनि बोधशिक्षण नहुने र शिक्षण आवश्यक मात्रामा नहुने क्षेत्र पनि रहेको देखायो । समग्रमा भन्नुपर्दा हुँदैन र थोरै हुन्छ भन्ने उत्तर ४१% आएकाले बोधशिक्षणमा सुधार गर्नुपर्ने क्षेत्रहरू पनि रहेको देखायो ।

## ५. नतिजा र छलफल

बोध र पठनबोधशिक्षणका सम्बन्धमा सैद्धान्तिक तहमा पर्याप्त चर्चा पाइन्छ । प्रायोगिक तहमा स्नातकोत्तर तहका शोधार्थीहरूले क्षेत्रीय सर्वेक्षणमा आधारित भएर विभिन्न जिल्लाका विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गरेका छन् । तर यी अध्ययनहरूमा बोध र बोधशिक्षणको सिद्धान्तको उल्लेख र पठनबोध क्षमताको अध्ययन भए पनि सामुदायिक माध्यमिक विद्यालयहरूमा विद्यमान बोधशिक्षणको विश्लेषणात्म समीक्षा गरिएको भने पाइँदैन । यसै समस्याको सम्बोधनार्थ सर्वेक्षण विधिमार्फत गोरखा नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरूमा गरिने पठनबोधशिक्षणको विभिन्न क्षेत्रमा विद्यमान शिक्षणको समीक्षा गरिएको थियो ।

गोरखा नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरूमध्येबाट गुच्छ नमुना छनौट विधिबाट छानिएका विद्यालयहरूका व्यवस्थित नमुना छनौट विधिबाट छनौटमा परेका सूचकहरूले बोधशिक्षणको सैद्धान्तिक र प्रायोगिक खण्डका चौधवटा क्षेत्रमा व्यक्त गरेका धारणाका आधारमा यो समीक्षा गरिएको थियो । यस समीक्षाले गोरखा नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरूमा गरिने बोधशिक्षण

सिद्धान्तअनुसार नै भएको देखाए पनि पठनबोधशिक्षणलाई आदर्श अवस्थामा पुर्याउन बोधशिक्षणका सैद्धान्तिक र प्रायोगिक खण्डमा सुधार गर्नु नपर्ने, थोरै, धेरै र पर्याप्त मात्रामा सुधार गर्नुपर्ने क्षेत्रहरू पनि देखायो ।

बोधशिक्षणको सैद्धान्तिक खण्डअन्तर्गत समीक्षा गरिएका सातवटा क्षेत्रहरूमध्ये तालिका १ अनुसार पाठ राम्रोसँग पढेर बोधप्रश्नको उत्तर खोज्न र चिनो लगाउन सिकाउने (धेरै हुन्छ ४३), बोधप्रश्नको उत्तरमा पाठको वाक्य हुबहु सार्न हुँदैन भनेर बुझाउने (धेरै हुन्छ ४०) र बोधप्रश्नको उत्तर प्रश्नकै ढाँचा (लिङ्ग, काल, आदर र पक्ष) मा लेख्नुपर्छ भनेर सिकाउने काम (धेरै हुन्छ ४७) पर्याप्त मात्रामा हुने देखियो । यी तीन क्षेत्रहरूमा सुधारको आवश्यकता देखिँदैन । बोधप्रश्नको उत्तर पाठमा चिनो लगाइएको स्थानबाट शब्दसहित आफ्नै भाषामा छोटो लेख्नु पर्छ भनेर शिक्षकले भन्ने काम (धेरै हुन्छ ३०) ठिकै मात्रामा हुने देखियो । तसर्थ यस क्षेत्रमा धेरै नै सुधार गर्नुपर्ने देखियो । बोधप्रश्नको प्रकृति बुझाउने (थोरै हुन्छ २५) र बोधप्रश्नको किसिमलाई बुझाउने काम (थोरै हुन्छ १८) आवश्यक मात्रामा भएको देखिँदैन भने बोधलाई बुझाउने काम (हुँदैन २२) भएको देखिँदैन । यी तीन क्षेत्रमा पर्याप्त मात्रामा नै सुधार गर्नुपर्ने देखियो ।

बोधशिक्षणको प्रायोगिक खण्डअन्तर्गत समीक्षा गरिएका सातवटा क्षेत्रहरूमध्ये तालिका २ अनुसार विद्यार्थीहरूले बोधका लागि दिइएको पाठ राम्रोसँग पढ्ने र प्रश्नको उत्तर पाठमै खोजेर चिनो लगाउने (धेरै हुन्छ ३८), शिक्षकले बोधप्रश्नको उत्तर जाँचिसकेपछि नमिलेका उत्तर मिलाइदिने वा सही उत्तर भन्ने (धेरै हुन्छ ३८) र विद्यार्थीहरूबाट लेखिएको उत्तर प्रश्नकै ढाँचाअनुसार मिलाउने काम (धेरै हुन्छ ३४) आवश्यक मात्रामा गर्ने गरेको देखियो । यी तीन क्षेत्रमा थोरै सुधार गर्नुपर्ने देखियो । शिक्षकले बोधको अभ्यास गराउने (धेरै हुन्छ २८) र बोधप्रश्नको लेखिएको उत्तरलाई जाँच्ने काम (धेरै हुन्छ २७) ठिकै मात्रामा गर्ने गरेको देखियो । यी दुई क्षेत्रमा धेरै सुधार गर्नुपर्ने देखियो । विद्यार्थीहरूले बोधप्रश्नको उत्तर लेख्दा पाठको वाक्य हुबहु नसार्ने काम (थोरै हुन्छ ४४) पर्याप्त मात्रामा गर्ने गरेको देखिँदैन । यसमा पर्याप्त मात्रामा सुधार गर्नुपर्ने देखियो । विद्यार्थीहरूले बोधप्रश्नको उत्तर पाठमा चिनो लगाइएको स्थानबाट शब्दसहित प्रश्नले मागेको र मागेजति आफ्नै भाषामा छोटो लेख्ने काम (थोरै हुन्छ ३१) आवश्यक मात्रामा गर्ने गरेको देखिँदैन । यसमा पनि धेरै नै सुधार गर्नुपर्ने देखियो ।

बोधको प्रायोगिक तहमा भएका अनुसन्धानहरू विभिन्न जिल्लाका विभिन्न कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनमा मात्र केन्द्रित छन् । तर प्रस्तुत अध्ययन भने बोधशिक्षणको समीक्षामा केन्द्रित छ । क्षेत्रीय सर्वेक्षणकै आधारमा बस्नेत (२०६७) ले गोरखा जिल्लाका कक्षा आठ, पन्त (२०७३) ले कक्षा पाँच र लामिछाने (२०७५) ले कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमतामा गरेको अध्ययनहरूमा विद्यार्थीहरूको पठनबोध क्षमता क्रमशः सन्तोषजनक, उच्च र मध्यम देखाएको छ तर यस समीक्षाले गोरखा नगरपालिकाभित्रका सामुदायिक माध्यमिक विद्यालयहरूमा गरिने बोधशिक्षण आंशिकरूपमा मात्र सवल देखाएको छ । बोधशिक्षणका तीन क्षेत्रमाबाहेक अन्य क्षेत्रमा केहीदेखि पर्याप्त मात्रासम्म सुधार गर्नुपर्ने देखिएको छ । त्यसैले बस्नेत (२०६७) र लामिछाने (२०७५) को अध्ययनले विद्यार्थीहरूको पठनबोध क्षमता क्रमशः सन्तोषजनक र मध्यम देखाएकाले यो समीक्षा र उनीहरूको अध्ययनबिच कारणकार्य सम्बन्ध भने देखिन्छ ।

गोरखा नगरपालिकाका सामुदायिक विद्यालयहरूको बोधशिक्षणमा थोरै सवलमा केही र थोरै दुर्वलमा धेरै र धेरै दुर्वल देखिएका क्षेत्रमा अधिक सुधारको आवश्यकता देखियो । यसका लागि शिक्षकहरूलाई बोधशिक्षणसम्बन्धी प्रशिक्षण एवं तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ । बोधशिक्षणमा सुधार गरिएको खण्डमा विद्यार्थीहरूले अनिवार्य नेपालीलगायत अन्य विषयमा हरेक प्रश्नका उत्कृष्ट उत्तर लेख्न सक्ने छन् । यसबाट शैक्षिक नतिजाको गुणात्मक परिवर्तनमा सघाउ पुग्नेछ । तसर्थ यो समीक्षा शैक्षिक गुणस्तर सुधारका निम्ति उपयोगी हुनेछ ।

बोधशिक्षणसम्बन्धी यस समीक्षाले गोरखा जिल्लाको बोधशिक्षणसम्बन्धी अवस्थाको समेत सङ्केत दियो । यसबाट जिल्लाभर नै बोधशिक्षणसम्बन्धी प्रशिक्षण एवं तालिमका व्यवस्था गर्नुपर्ने आवश्यकता देखियो । यो

व्यवस्था गरेर बोधशिक्षणमा सुधार गरिएको खण्डमा विद्यार्थीहरूले अनिवार्य नेपालीलगायत अन्य विषयमा हरेक प्रश्नका उत्कृष्ट उत्तर लेखन सिप र ज्ञानको अभिवृद्धि गर्ने छन् । यसले एकातर्फ विद्यार्थीहरूलाई सफलताको मार्गमा लैजान्छ भने अर्कातर्फ गोरखा जिल्लाभित्रको शैक्षिक गुणस्तरको गुणात्मक परिवर्तनमा सघाउ पुग्नेछ । तसर्थ यस समीक्षाले शैक्षिक गुणस्तर सुधारका लागि अन्य विषय र क्षेत्रमा समेत समीक्षामा आधारित भएर दुर्वल क्षेत्र पहिचान गरी शिक्षकलाई तालिम एवं प्रशिक्षणको व्यवस्था गर्न र शिक्षणमा सुधार गर्न उपयोगी सिद्ध हुनेछ । यो समीक्षा नेपालका अन्य पालिका र अन्य विषयमा पनि समीक्षामा आधारित भएर शिक्षण अपुग एवं कमजोर क्षेत्र पहिचान गरी सुधार गर्नसमेत आधार हुनेछ । बोधका सबै क्षेत्रमा हरेक तहका विद्यार्थीहरूलाई राम्रोसँग शिक्षण गरिएमा हरेक विषयका हरेक प्रश्नको सटिक र उत्कृष्ट उत्तर दिन सक्षम हुनेछन् । यसले शैक्षिक गुणस्तरको मात्रात्मक र गुणात्मक सुधारमा सहयोग पुग्नुका साथै उनीहरूको जीवनको सफतामा पनि महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

प्रस्तुत अध्ययन नेपालका ७७ जिल्लाहरूमध्ये गोरखाको सदरमुकाममा अवस्थित गोरखा नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूमध्ये छनौटमा परेका विद्यालयहरूका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट छनौटमा परेका सूचकहरूले दिएको दृष्टिकोणमा आधारित भएर गरिएको छ । यसलाई पूर्णता दिन प्रयोगमा आधारित भएर अध्ययन पनि गर्नु आवश्यक देखिन्छ । साथै यो समीक्षा मूलतः पठनबोध शिक्षणको सैद्धान्तिक र प्रायोगिक खण्डमा मात्र केन्द्रित भएर सम्पन्न गरिएको छ । यसमा पनि पठनबोधको सैद्धान्तिक अध्ययनका आधारमा देखिएका सैद्धान्तिक र प्रायोगिक खण्ड शिक्षणका अठारवटा आधारभूत क्षेत्रहरूमध्ये पनि भाषिक र शीर्षकसम्बन्धी क्षेत्रबाहेक अन्य चौधवटा क्षेत्रहरूको मात्र समीक्षा गरिएको छ । सानो भौगोलिक क्षेत्र र थोरै जनसङ्ख्यालाई आधार बनाएर गरिएको यो समीक्षा देशभरका लागि सामान्यीकरण गर्न नमिल्ला तर पनि अन्य स्थानमा बोधशिक्षण र अन्य विषयका विभिन्न शीर्षकमा समीक्षामा आधारित भएर शिक्षणमा सुधार गर्नका लागि यो समीक्षा नमुना भने हुनेछ । साथै विद्यार्थीहरूको बोधात्मक क्षमताको अभिवृद्धि गर्न र हरेक प्रश्नको सटिक र उत्कृष्ट उत्तर दिन सक्षम बनाएर भविष्यको नतिजामा गुणात्मक र परिमाणात्मक सुधारका लागि हरेक विद्यालय र महाविद्यालयमा गरिने बोधशिक्षणको समीक्षा गरी आवश्यक सुधार गर्नु अनिवार्य छ ।

## ६. निष्कर्ष

पाठ बारेमा विद्यार्थीहरूलाई राम्ररी बुझ्न र बोधप्रश्नका उपयुक्त, उत्कृष्ट, मौलिक र सटिक उत्तर सजिलै दिन सक्ने गरी सिकाउनु पठनबोधशिक्षण हो । पठनबोधशिक्षण गर्दा शिक्षकले पठनबोधको सैद्धान्तिक र प्रायोगिक गरी दुबै खण्डको शिक्षण गर्नुपर्छ भने विद्यार्थीहरूले बोधप्रश्नका उत्तर लेख्ने निश्चित विधि र प्रक्रिया हुबहु अँगाल्नु पर्छ । यसो गर्दा बोधप्रश्नको सटिक उत्तर दिन सकिन्छ ।

विद्यार्थीहरूको ग्रहण र अभिव्यक्ति क्षमताको अभिवृद्धिमा बोधशिक्षण महत्त्वपूर्ण आधार भएकाले विद्यालयका तल्ला कक्षादेखि नै कुनै न कुनै स्वरूपमा यसको शिक्षण हुने गरेको पाइन्छ । बोध र बोधशिक्षणका सम्बन्धमा सैद्धान्तिक तहमा पर्याप्त चर्चा पाइन्छ । प्रायोगिक तहमा स्नातकोत्तर तहका शोधार्थीहरूले क्षेत्रीय सर्वेक्षणमा आधारित भएर विभिन्न जिल्लाका विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गरेका छन् । तर यी पूर्वअध्ययनहरूमा निश्चित भौगोलिक क्षेत्र विशेषमा आधारित भएर पठनबोधशिक्षणको वर्तमान अवस्थाको समीक्षा गरिएको भने पाइँदैन । यसै समस्याको सम्बोधनार्थ गोरखा नगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयमा गरिने बोधशिक्षणको विद्यमान अवस्थाको समीक्षा गरिएको थियो ।

गोरखा नगरपालिका भित्र सञ्चालनमा रहेका अठारवटा सामुदायिक विद्यालयहरूमध्येबाट गुच्छ नमुना छनौट विधिबाट विद्यालय र व्यवस्थित नमुना छनौट विधिबाट सूचकहरू छनौट गरी तिनीहरूले पठनबोधशिक्षणका सैद्धान्तिक र प्रायोगिक खण्डका चौधवटा क्षेत्रसँग सम्बन्धित चौधवटा प्रश्नको उत्तरमा व्यक्त गरेका धारणाका

आधारमा यो समीक्षा गरिएको थियो । यसअनुसार आवश्यक मात्रामा बोधशिक्षण हुनेमा प्रायोगिक खण्डभन्दा सैद्धान्तिक खण्ड राम्रो देखिन्छ । बोधशिक्षण हुनेको मात्रामा भने प्रायोगिक खण्डभन्दा सैद्धान्तिक खण्ड कमजोर देखिन्छ तर दुबै खण्डमा आवश्यक मात्रामा बोधशिक्षण हुने र नहुनेमा सन्तुलन नदेखिनु र बोधशिक्षण नै नहुने क्षेत्र पनि देखिनाले दुबै खण्डको बोधशिक्षणमा कमजोर क्षेत्र पनि रहेको देखिन्छ । यसबाट सैद्धान्तिक तहमा बोधशिक्षण भए पनि त्यसलाई पर्याप्त मात्रामा विद्यार्थीहरूले प्रयोगमा ल्याउन सकेको देखिएन ।

पठनबोधशिक्षणको कुनै क्षेत्रमा पर्याप्त मात्रामा शिक्षण हुने र कुनैमा आवश्यक मात्रामा शिक्षण नहुने पनि देखियो अनि शिक्षण एकदम न्यून हुने र नहुने क्षेत्र पनि देखियो । यसअनुसार बोधशिक्षणका चौधवटा क्षेत्रहरूमध्ये पर्याप्त मात्रामा शिक्षण हुनेमा पाठ राम्रोसँग पढेर बोधप्रश्नको उत्तर खोज्न र चिनो लगाउन सिकाउने, बोधप्रश्नको उत्तरमा पाठको वाक्य हुबहु सार्न हुँदैन भनेर बुझाउने र  बोधप्रश्नको उत्तर प्रश्नकै ढाँचा (लिङ्ग, आदर, काल र पक्ष) मा लेख्नुपर्छ भनेर शिक्षकले सिकाउने काम गरी ३ क्षेत्र धेरै सवल, आवश्यक मात्रामा शिक्षण हुने ३ क्षेत्र थोरै सवल, ठिकै मात्रामा शिक्षण हुने ४ क्षेत्र थोरै दुर्वल र ठिकै मात्रामा पनि शिक्षण नहुने ४ क्षेत्र धेरै दुर्वल गरी बोधशिक्षणका चार तह देखिएका छन् । प्रतिशतका हिसाबले बोधशिक्षण ५९% मात्र सवल (राम्रो) देखिन्छ । यसले गोरखा नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयमा गरिने बोधशिक्षणमा सुधार गर्नुपर्ने क्षेत्रहरू प्रशस्त देखिएकाले आंशिक रूपमा मात्रै सवल रहेको देखायो । विद्यार्थीहरूमा बोधक्षमताको अभिवृद्धि गराउन बोधशिक्षणका कमजोर क्षेत्रहरूमा शिक्षणको मात्रालाई बढाएर आदर्श अवस्था (पर्याप्त मात्रामा) मा पुर्याउनुपर्ने देखियो । यसका लागि धेरै सवल तीन क्षेत्रबाहेक अन्य एघारवटा क्षेत्रमा केही मात्रादेखि पर्याप्त मात्रासम्म सुधार गर्नुपर्ने देखायो । यसबाट उपयुक्त र सटिक उत्तर लेखन कलामा देखिने बाधा पनि हट्ने छ ।

बोधशिक्षणसम्बन्धी यो समीक्षा प्रश्नावलीमा रहेका प्रश्नमा विद्यार्थीहरूले व्यक्त गरेका धारणामा आधारित भएर गरिएकाले बोधशिक्षणका बारेमा अझ गहिरिएर वास्तविकता पत्ता लगाउन प्रयोगमा आधारित भएर पनि बोधशिक्षणको सम्बन्धमा अर्को पूरक अनुसन्धानको आवश्यकता देखिन्छ । शिक्षणको वस्तुस्थितिबारेमा यथार्थ पहिचान गरी सुधार गर्न हरेक विषय र तिनका विविध क्षेत्रमा अन्य अनुसन्धानहरूको आवश्यकता देखिन्छ । सानो भौगोलिक क्षेत्र र थोरै जनसङ्ख्यालाई आधार बनाएर गरिएको पठनबोधसम्बन्धी यो समीक्षा देशभरका लागि सामान्यीकरण गर्न नमिल्ला तर पनि अन्य स्थानमा बोधशिक्षण र अन्य विषयका विभिन्न शीर्षकमा समीक्षामा आधारित भएर शिक्षणमा सुधार गर्नका लागि आधार भने हुनेछ । हरेक विषयका शिक्षणको समीक्षामार्फत सुधार गर्नुपर्ने क्षेत्र पहिचान गरेर शिक्षकलाई सूचना, तालिम एवं प्रशिक्षणको व्यवस्था गर्दा शिक्षण उपयुक्त र प्रभावकारी हुने देखिन्छ । यसो गरिएको खण्डमा गोरखालगायत देशकै विद्यालय र विश्वविद्यालय तहमा हालको शैक्षिक नतिजामा गुणात्मक र मात्रात्मक सुधार हुने निश्चित देखिन्छ । बोधशिक्षणका सबै क्षेत्रहरूमा पर्याप्त मात्रामा शिक्षण गरिएमा विद्यार्थीहरूको बोधक्षमता राम्रोसँग विकास हुने देखिन्छ । यसबाट विद्यार्थीहरू कुनै पनि पाठसँग सम्बन्धित बोधप्रश्नको मौलिक, उत्कृष्ट र सटिक उत्तर दिन सक्षम हुनेछन् । यसले विद्यार्थीहरूको नतिजामा पनि उल्लेख्य सुधार हुनेछ । तसर्थ विद्यार्थीहरूको बोधात्मक क्षमताको अभिवृद्धि गरेर हरेक प्रश्नको सटिक र उत्कृष्ट उत्तर लेखनमा सक्षम बनाएर भविष्यको नतिजामा गुणात्मक र परिमाणात्मक सुधार गर्न प्रत्येक भौगोलिक क्षेत्रमा हुने गरेको बोधशिक्षणको समीक्षा गरी कमजोरीलाई सुधार गर्नु आवश्यक छ ।

## ७. कृतज्ञता ज्ञापन

प्रस्तुत समीक्षाका लागि गोरखाभित्र सञ्चालित माध्यमिक विद्यालय, विद्यार्थी सङ्ख्या र SEE नतिजासम्बन्धी तथ्याङ्क उपलब्ध गराएर सहयोग गर्ने शिक्षा विकास तथा समन्वय इकाई, गोरखाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी आवश्यक सूचकहरू उपलब्ध गराउने श्री शक्ति मावि, पाटेचौर, श्री माहालक्ष्मी

मावि, लक्ष्मीबजार, श्री माहालक्षी मावि, ताप्ले, श्री नवज्योति मावि, दण्डीडाँडा, श्री बालमन्दिर मावि, छहरे र श्री तारा मावि, छेवेटार र सूचकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

## सन्दर्भसामग्री


1. कार्की, बद्रीकुमार (२०८०). *गोरखा नगरपालिका भित्रका सामुदायिक विद्यालयमा हुने बोधशिक्षणको अध्ययन* (अप्रकाशित लघु शोधपत्र). द्रव्यशाह बहुमुखी क्याम्पस, गोरखा.
2. के.सी, नवराज (२०६४). *लमजुङ जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, काठमाडौँ.
3. खनिया, बुद्धराज, अधिकारी, रामकुमार, भट्ट, मोहनप्रसाद र दाहाल, विप्रहरि. (२०७२). *स्नातक नेपाली*. जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस.
4. गिरी, भिमसेन (२०६५). *कक्षा छमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, काठमाडौँ.
5. गैरे, नारायण. (२०६१). *अनिवार्य नेपाली*. एसिया पब्लिकेसन्स.
6. गौतम, गुरुप्रसाद (२०६०). *कक्षा नौमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, काठमाडौँ.
7. गौतम, देवीप्रसाद, प्रधान, पारसमणि र ओझा, रामनाथ. (२०७५). *स्नातक नेपाली* (तेस्रो सं.). विद्यार्थी पुस्तक भण्डार.
8. घर्ती, तारा (२०६९). *गुल्मी जिल्लाका कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, काठमाडौँ.
9. घिमिरे, इश्वर. (२०६९). *स्नातक नेपाली*. ओझा बुक्स.
10. ज्ञवाली, कृष्णप्रसाद ( २०६३). *कक्षा दसमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, काठमाडौँ.
11. ज्ञवाली, रामप्रसाद, भट्टराई, गणेशप्रसाद, गौतम, वासुदेव र अधिकारी, गणेशराज. (२०६६). *साधारण नेपाली*. भुँडीपुराण प्रकाशन.
12. ढकाल, बुद्धराज (२०६६). *कक्षा तीनमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, काठमाडौँ.
13. ढकाल, शान्तिप्रसाद, पोखरेल, केशवराज, जिरेल, टीकाबहादुर र काफ्ले, उमेश. (२०७२). *अनिवार्य नेपाली*. पिनाकल पब्लिकेसन.
14. दाहाल, दुर्गाप्रसाद. (२०७८). *स्नातक अनिवार्य नेपाली*. विद्यार्थी पुस्तक भण्डार.
15. दाहाल, धनपति (२०६७). *झापा जिल्लाका उच्च माध्यमिक तह कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, काठमाडौँ.
16. थापा, सीता (२०६६). *म्याग्दी जिल्लाका कक्षा पाँच पुरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, काठमाडौँ.
17. पन्त, लक्ष्मी (२०६७). *गोरखा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको अध्ययन*. (अप्रकाशित स्नातकोत्तर शोधपत्र). गोरखा क्याम्पस गोरखा.
18. पराजुली, मोतिलाल, पराजुली, हरिप्रसाद र घिमिरे, दिनेश. (२०६५). *साधारण नेपाली*. नवकला पब्लिकेसन.
19. पुडासैनी, वीरेन्द्र, अधिकारी, यदु र कुँवर, राजेन्द्र. (२०७०). *स्नातक अनिवार्य नेपाली*. कोसेली प्रकाशन.

20. पोखरेल, माधवप्रसाद, पौड्याल, परसुराम, भट्टराई, रमेशप्रसाद र ढुङ्गेल, माधव. (२०६४). *अनिवार्य नेपाली*. बुद्ध एकेडेमिक पब्लिसर्स एन्ड डिस्टिब्युटर्स प्रा.लि.
21. पौडेल, हेमनाथ. (२०५५). *अनिवार्य नेपाली व्याकरण र अध्ययन*. पैरवी प्रकाशन.
22. बराल, कृष्णहरि र एटम, नेत्र. (२०६५). *साधारण नेपाली*. हजुरको प्रकाशन.
23. बस्नेत, रचना. (२०७१). *गोरखा जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). गोरखा क्याम्पस गोरखा.
24. भट्टराई, भरत, ढकाल, नारायणप्रसाद, रेग्मी, भोलानाथ र शर्मा, बालकृष्ण. (२०६८). *स्नातक अनिवार्य नेपाली*. वर्डवाइड पब्लिकेसन प्रा.लि.
25. भुषाल, केशव र अन्य (२०८०). *स्नातक अनिवार्य नेपाली*. क्वेस्ट पब्लिकेसन प्रा.लि.
26. लम्साल, रामचन्द्र, भट्टराई, रामप्रसाद र कँडेल, श्रीप्रसाद. (२०६६). *साधारण नेपाली*. शुभकामना प्रकाशन.
27. लामिछाने, सन्तोषी. (२०७५). *गोरखा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). गोरखा क्याम्पस गोरखा.
28. शर्मा, मोहनराज. (२०५२). *शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र साहित्य*. काठमाडौँ बुक सेन्टर.
29. श्रेष्ठ, दयाराम, गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु. (२०७८). *सुबोध अनिवार्य नेपाली* (आठौँ सं.). भुँडीपुराण प्रकाशन.
30. श्रेष्ठ, प्रेमकुमार. (२०३४). श्री शक्ति माध्यमिक विद्यालय अस्तिः हिजोः आज. *शक्ति स्मारिका रजत जयन्ती विशेषाङ्क*.
31. सत्याल, लक्ष्मीकुमारी (२०६८). *कक्षा पाँच पुरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, काठमाडौँ.
32. सुवेदी, केशव, पौड्याल, शालिकराम र तिवारी, प्रेमप्रसाद. (२०७२). *अनिवार्य नेपाली.* अस्मिता बुक्स प्रकाशक तथा वितरक (प्रा) लि.
33. सुवेदी, युवराज (२०६९). *स्याङ्जा जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, काठमाडौ.